बैठक नं.६१

आज मिति २०७७/०३/०९ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिउँसो २:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | ज़गदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | — |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

चित्र बहादुर गुरुङ - का.वा. [illegible] -

प्रस्ताव नं.६१.१

आर्थिक विधेयक,२०७७ सम्बन्धमा ।

**निर्णयनं.६१.१**

राजश्व परामर्श समितिको सिफारिस समेतको आधारमा कार्यालयबाट तयार भई पेश हुन आएकोकर तथा गैरकर राजश्वका दरबन्दी सहितको आर्थिक विधेयक,२०७७ नगरसभाको सातौ अधिवेशनमा छलफलका लागि पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६१.२

विनियोजन विधेयक,२०७७ सम्बन्धमा ।

निर्णयनं.६१.२

विभिन्न मितिहरुमा भएका वडा भेला, विषयगत समितिहरु, बजेट तर्जुमा समितिमा छलफल गरी आजको वैठकमा प्रस्तुत हुन आएको आ.व.०७७/०७८ का लागि प्रस्तावित विनियोजन विधेयक, २०७७ नगरसभाको सातौ अधिवेशमा पेश गर्ने निर्णय गरियो । र आय आय अनुमान रु.२ अर्व १ करोड ६४ लाख ५४ हजार र सोही बरावरको व्यय अनुमान सहितको बजेट प्रस्तुत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६१.३**

कर्मचारी दरबन्दी सम्बन्धमा ।

**निर्णय ६१.३**

बुटवल उपमहानगरपालिकाको श्रोत साधन,आवश्यकता,औचित्यता र कार्यबोझका आधारमा हाल यस उपमहानगरपालिकामा कार्यरत साविक स्थानीय निकायका कार्यरत कर्मचारी,संघीय सरकारवाट समायोजन भई आएका कर्मचारी र लोकसेवा आयोगवाट नियूक्तिका लागि सिफारिस भई आएका कर्मचारीहरुलाई समेत समावेश गरी आवश्यक्ता अनुसार साविक दरबन्दीमा थप/घट गरी तयार गरेको जम्मा ३९८ जनाको कर्मचारी दरवन्दी छलफलका लागि नगरसभाको सातौ अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६१.४विविध ।**

**प्रस्ताव नं. ६१.४.१**

वडा नं. ९ को शिवालय मन्दिर स्थानान्तरण सम्बन्धमा ।

**निर्णय नं.६१.४.१**

बुटवल उपमहानगरपालिका वडा नं.९ स्थित कालिकापथ पूर्व मनकामना पथको चोकमा रहेको शिवालय मन्दिर कालिकापथको नाली निर्माण हुने स्थानमा रहेकोले उक्त मन्दिर उपयुक्त स्थानमा स्थानान्तरणका लागि ९ नं. वडा कार्यालयको मिति २०७७/०२/२० च.नं. ९७५ को पत्रबाट अनुरोध भई आएकोमा शहरी पूर्वाधार विकास शाखाका प्राविधिकले सिफारिस गरे बमोजिम वडा नं. ९ स्थित लुम्बिनी बस टर्मिनल भित्रको उपयुक्त स्थानमा तारबार नगरी खुल्ला रुपमा शिवालय मन्दिर बनाउने गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६१.४.२

योजना लागत सहभागिता सम्बन्धमा ।

**निर्णय नं.६१.४.२**

बुटवल उप-महानगरपालिका वडा नं. ७ स्थित सिद्देश्वर लालकुमारी मा.वि. परिसर भित्र निर्माण हुने खेलकूद पूर्वाधारका लागि नगरकार्यपालिकाको मिति २०७६/०६/०२ मा बसेको बैठकको निर्णय नं. ४८.१ बाट ३० प्रतिशत सहभागिता रहने गरी योजना स्वीकृतिका लागि पठाइएकोमा संघीय युवा तथा खेलकुद मन्त्रालयबाट उल्लेखित आयोजना सशर्त अनुदानको रुपमा स्वीकृत भई आएको हुंदा १५ प्रतिशत लागत सहभागिता उपभोक्ता समितिबाट र न.पा.ले व्यहोर्ने १५ प्रतिशत लागत सहभागिता वापतको रकम चालु आ.व. २०७६/०७७ को स्वीकृत कार्यक्रम अन्तर्गत खर्च शीर्षक ३११५९ क.सं. ४३५ समपुरक तथा विविधमा विनियोजित रु. ५ करोड रकम मध्येबाट खर्च जनिने गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६१.४.२**

उजिरसिंह रंगशालाको वातावरणीय प्रभाव मूल्यांकनको म्याद थप सम्बन्धमा ।

निर्णय नं.६१.४.२

बुटवल उप-महानगरपालिका वडा नं.१३ स्थित उजिरसिंह रंगशाला निर्माणको वातावरणीय प्रभाव मूल्यांकन (EIA) कार्यको लागि ग्रीन नेपाल कन्सल्टेन्सी प्रा.लि. सानेपा ललितपुरसंग मिति २०७७/०२/३० गते भित्र कार्य सम्पन्न गर्ने गरी २०७६/१२/०५ मा संझौता भई २०७६/१२/०५ मै कार्यादेश दिईएकोमा सेवा परामर्शदाताले वातावरणीय प्रभाव मूल्यांकन प्रक्रियासंग सम्बन्धित विषयहरुमा संघीय तथा प्रदेश सरकारको कार्यक्षेत्रको सम्बन्धमा नीतिगत स्पष्टता भएपछि मात्र उक्त अध्ययनको काम अगाडि बढाउने समझदारी भएको । तर संघीय सरकारले वातावरणीय संरक्षण ऐन,२०७६ अनुसारको वातावरण संरक्षण नियमावली तयार भई नसकेको , प्रदेश ५ सरकारद्धारा पनि प्रदेश स्तरमा वातावरण संरक्षण ऐन तयार/स्वीकृत भै नसकेको र विद्यमान अवस्थामा नेपालमा पनि फैलिएको कोरोना (COVID-19) महामारी तथा बन्दाबन्दीको कारणले स्थलगत रुपमा अध्ययन गर्न नसकिएकोले उक्त सम्झौता बमोजिमको समयावधिमा कार्य सम्पन्न गर्न संभव नभएकोले उक्त कार्य सम्पन गर्नको लागि थप ८ महिना समयावधि थप गरी दिनुहुन भनी द.नं.१३९८५ मिति २०७७/०२/२० गते निवेदन पेश हुन आएको । **COVID-19** महामारीको कारण नेपाल सरकारले २०७६/१२/११ गतेदेखि देशभर लकडाउनको घोषणा गरेको कारणले तोकिएको समयमा निवेदन दर्ता हुन नसकेतापनि सम्झौताको अवधि अगावै म्याद थपको निवेदन पेश हुन आएको तथा सर्वोच्च अदालतको लकडाउनको समय अवधिलाई सुन्य समय मान्ने भनि फैसला भएको विषय समेतलाई मध्येनजर राखि उल्लेखित सम्झौताको म्याद २०७७/१०/३० गतेसम्म थप गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सवै लाई धन्यवाद दिदै प्रमुखज्युबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।